# #GrandUnderstandings

## हजुरबुवा-हजुरआमाहरूलाई हाम्रो सन्देश

आफ्ना नाति-नातिनाहरूका लागि तपाईंको स्याहार उनीहरूको आजको समय र भविष्यका लागि महत्त्वपूर्ण हुन्छ । आफ्ना नाति-नातिनाहरूलाई हुर्काउन र उनीहरूको सिकाइ तथा विकासमा सहायता गर्नका लागि तपाईंहरूले धेरै परिश्रम गर्नुहुन्छ भन्ने कुरालाई हामी बुझ्छौं । ओहायो स्टेटवाइड फ्यामिली इन्गेजमेन्ट सेन्टर (ओहायो राज्यव्यापी पारिवारिक संलग्नता केन्द्र) मा, तपाईंलाई विद्यालयहरूसँग मिलेर कार्य गर्नमा मद्दत गर्न र सहयोगी श्रोतसाधनहरूका बारेमा जानकारी गराउनका लागि हामी यहाँ छौं । तल हामीले ओहायोमा हजुरबुवा-हजुरआमा भएका परिवारहरू र अनुसन्धानबाट सिकेका पाठहरूका आधारमा तपाईंले केही सिफारिसहरू प्राप्त गर्नुहुनेछ । यो सूचीमा तपाईंले आफ्ना नाति-नातिनाहरूको शिक्षा तथा स्वास्थ्य र तपाईंको सम्पूर्ण परिवारको कल्याणमा सहायता गर्नका लागि सहयोग अनुरोध सक्ने श्रोतसाधनहरू समावेश छन् ।

**तपाईं एक्लो हुनुहुन्न ।**



**185,469**

**बालबालिका**

ओहायो राज्यमा

## आफ्नो हजुरबुवा-हजुरआमासँग बस्छन् ।

GU

ओहायो स्टेटवाइड फ्यामिली इन्गेजमेन्ट सेन्टरको *GrandUnderstandings (ग्राण्डअन्डरस्ट्याण्डिङ्स)* परियोजनाले विद्यालय र समुदायहरूले हजुरबुवा-हजुरआमाहरूलाई विद्यालय जाने उमेरका बालबालिकाहरूलाई हुर्काउनमा सहायता गर्ने तरिकामा सुधार ल्याउन काम गरिरहेको छ । हजुरबुवा-हजुरआमा भएका परिवार, विद्यालय तथा समुदायहरूले एकसाथ मिलेर काम गर्दा बालबालिकाहरू सिकाइ र जीवनमा थप सफल हुन्छन् ।

### शिक्षकहरूसँग प्रारम्भबाटै सम्पर्कमा रहनुहोस् ।

जतिसक्दो छिटो शिक्षकहरूसँग सम्पर्कमा रहनुहोस् । विद्यालयहरूले तपाईंको घरमा तपाईंका नाति-नातिनाहरूको ट्रान्जिसन (एक अवस्थाबाट अर्को अवस्थामा जाने) मा सहायता गर्ने र उनीहरूले सिकाइ, शैक्षिक उपलब्धि वा मित्रताको क्रममा **प्रेरणा र ध्यानाकर्षण जस्ता कुराहरूमा सामना गर्न सक्ने समस्याहरूमा मद्दत गर्ने श्रोतसाधनहरूको प्रबन्ध मिलाउनमा मद्दत सक्छन्** । साथै, तिनीहरूले **तपाईंलाई भावनात्मक सहायता उपलब्ध गराउन, तपाईंसँग विद्यालयको जानकारी समीक्षा गर्न र अन्य हजुरबुवा-हजुरआमाहरूसँग तपाईंको सम्पर्क गराउन सक्छन् ।**

## भावनात्मक सहायता र श्रोतसाधनहरू

- शिक्षकहरू
- प्रशासकहरू
- विद्यालयका परामर्शदाताहरू
- मनोवैज्ञानिकहरू
- विद्यालयका सोसल वर्करहरू
- स्कूल नर्सहरू

### आफ्नो समदायका अन्य सदस्यहरूसँग सम्पर्कमा रहनहोस ।

हजुरबुवा-हजुरआमा भएका धेरै परिवारहरूले **अरूहरूको सहायता** प्राप्त गर्न पनि उपयोगी मान्नुहुन्छ । सहायताका लागि तपाईंले कसलाई सम्पर्क गर्न सक्नुहुन्छ भन्ने बारेमा विचार गर्नुहोस् ।

निम्न सम्बन्धहरूले **तपाईंलाई अतिरिक्त सहायता उपलब्ध गराउन सक्छन्:**

- विस्तारित परिवार
- धार्मिक संघसंस्थाहरू
- व्यक्तिगत सहायताका रूपमा मित्रताहरू
- समुदायका हजुरबुवा-हजुरआमाहरू
- सामाजिक समूहहरू

### श्रोतसाधनहरूसँग सम्पर्कमा रहनुहोस् ।

निम्न संघसंस्थाहरूले हजुरबुवा-हजुरआमा भएका तपाईंका परिवारहरूलाई **वित्तीय र पौष्टिक आवश्यकताहरूलाई** पूरा गर्नमा मद्दत पुऱ्याउन सक्छन् ।

## वित्तीय श्रोतसाधनहरू:

- निर्धन परिवारहरूलाई अस्थायी सहयोग (Temporary Assistance for Needy Families, TANF)
- समाजिक सुरक्षा आय (Social Security Income)
- ओहायो ग्र्याण्डप्यारेन्ट/किनशिप कोअलिशन (Ohio Grandparent/Kinship Coalition)
- किनशिप नेभिगेटर (Kinship Navigator)
  (कानूनी, वित्तीय, शिक्षा र रिफरलहरू)

## खाद्यान्न श्रोतसाधनहरू:

- आकस्मिक खाद्यान्न सहयोग कार्यक्रम (Emergency Food Assistance Program, TEFAP)
- ओहायो खाद्य कार्यक्रम (The Ohio Food Program)
- पूरक पोषण सहयोग कार्यक्रम (Supplemental Nutrition Assistance Program, SNAP)